नेपाल वायुसेवा

# प्रेस विज्ञप्ति

मिति: २०८०/१०/१५

## नेपाल वायुसेवा निगमद्धारा सन् २०२३ मा गरीएका सामाजिक उत्तरदायित्व सम्बन्धी प्रमुख क्रियाकलापहरू

आम जनमानसमा जानकारी होस भन्ने उद्देश्यले नेपाल वायुसेवा निगमद्धारा सन् २०२३ मा गरीएका सामाजिक उत्तरदायित्व सम्बन्धी प्रमुख क्रियाकलापहरू निम्नानुसार जानकारी गराइन्छ :

१. क्यान्सर विरामी तथा उनीहरूको कुरुवाका लागि सन् २०२३ मा ७७० जनालाई पूर्ण तथा आशिंक रुपमा हवाई टिकटमा छुट दिइएको,

२ जेष्ठ नागरिक तथा भिन्न क्षमता भएका व्यक्तिहरुलाई हवाई टिकट दरमा ५०% सहुलियत प्रदान गर्दै आएको,

३ मिति २०८० असोज २१ गते हुम्लामा भएको दुखद जिप दुर्घटनामा परी गम्भीर घाइते नौ जनाको उद्दारका लागि नेपाल वायुसेवा निगमको जहाज मिति २०८० असोज २२ गते हुम्ला पठाइएको,

४ सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशानुसार, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीज्यूको विशेष पहल कदमीमा मिति २०८० असोज २५ गते इजरायल तथा हमासबींच भएको द्वन्द्वका कारण सिर्जित विषम् परिस्थितिका कारण अलपत्र परेका विद्यार्थीसहित २५४ जना नेपाली नागरिकहरुको उद्दार गरिएको,

५ मिति २०८०/७/१७ गते माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीज्यूको विशेष निर्देशन र नेपाल सरकारको समन्वयमा कर्णाली प्रदेशको जाजरकोट जिल्ला केन्द्रबिन्दु भई गएको विनाशकारी भूकम्पबाट जाजरकोट र रुकुम पश्चिमका घाइतेहरुलाई मिति २०८०/७/१८ गते नेपाल वायुसेवा निगमको 9N-ABT कल साइनको ट्वीनअटर विमानमार्फत नेपालगञ्ज तथा काठमाडौसम्मका लागि नि:शुल्क उद्दार उडान गरेको साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट प्राप्त राहत सामग्री रुकुम सम्म निशुल्क ढुवानी गरिएको,

६ दुर्घटनामा परी जुम्ला अस्पतालमा भेन्टिलेटरमा रहेका दीप बहादुर रावतको उद्दारका लागि नेपाल वायुसेवा निगमद्धारा आकस्मिक उडान गरिएको,

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन : ०१-४२२०७५७, फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np

नेपाल वायुसेवा

७ मुगुको ताल्चा विमानस्थलबाट नेपालगञ्ज आउन छुटेर अलपत्र परेका चिकित्सकहरुलाई लिन मिति २६ सेप्टेम्वर, २०२३ मा नेपाल वायुसेवा निगमको जहाज तत्काल पठाईएको,

८ राष्ट्रिय साँस्कृतिक पर्वका रुपमा मनाईने महाशिवरात्रीको अवसरमा नेपाल वायुसेवा निगमद्धारा पशुपति परिसरमा श्रद्धालु भक्तजनहरुका लागि निशुल्क पिउने पानी वितरण गर्ने गरिएको,

९ बाढी पिडितका लागि १३-१९ अगस्ट, २०२३ सम्म नेपालगञ्ज-धनगढी-डोटी-धनगढी-नेपालगञ्ज उद्दार उडान सञ्चालन गरिएको,

१० श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय सुदन किरातीज्यूको अगुवाइमा आयोजित पशुपति, स्वयम्भुजस्ता विश्व सम्पदा सूचिमा रहेका स्थानहरुको तीन महिने बृहत सरसफाई अभियानमा १० मार्च देखि ८ जुलाई सम्म निरन्तर सरिक भएको ।

नेपाल वायुसेवा निगम कान्तिपथ, काठमाडौं

..........................

रमेश पौडेल

(प्रवक्ता)

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन : ०१-४२२०७५७, फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np